अपिहिमाल गाउँपालिका


स्थानीय राजपत्र

खण्ड : ०८ | संख्या : १ | मिति : २०८०/०१/१९


भाग - २

**अपिहिमाल गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**खण्डेश्वरी, दार्चुला**

**सुदुरपश्चिम प्रदेश**

---

नेपालको संविधान बमोजिम अपिहिमाल गाउँपालिकाको गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## अपिहिमाल गाउँपालिकाको जलवायू परिवर्तन अनुकूलन तथा वातावरण संरक्षण कोष (सञ्चालन) कार्यविधि, २०८१

<u>गाउँ कार्यपालिकाबाट स्वीकृत मिति</u>

**२०८१।०१।१८**

<u>**प्रस्तावनाः**</u> अपिहिमाल गाउँपालिकामा जलवायू परिवर्तनको प्रतिकूल प्रभाव तथा असरको जोखिम उच्च रहेको र प्राकृतिक स्रोत तथा पारिस्थितीय प्रणाली बढी मात्रामा निर्भर जीविकोपार्जनलाई जलवायु परिवर्तनले असर गरिरहेको सन्दर्भमा बाढी, पहिरो, डढेलो तथा खडेरी जस्ता जलवायुजन्य प्रकोपहरूका कारण ठूलो मात्रामा जनधनको क्षति भइरहेको, कृषि, जलस्रोत, वन तथा जैविक विविधता, मानव स्वास्थ्य, पर्यटन, ऊर्जा तथा भौत्तिक पूर्वाधार विकासका क्षेत्रहरूमा समेत जलवायु परिवर्तनका प्रतिकूल प्रभाव एवं असरहरु न्यूनीकरण गर्न र यसको असरवाट प्रभावित समुदायको अनुकूलन क्षमता विकास गर्न जलवायु वित्तलाई व्यवस्थापन गर्न वाञ्छनीय भएकाले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा अपिहिमाल गाउँपालिकाको वातावरण संरक्षण ऐन, २०७५ को दफा २७ ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले देहाको कार्यविधि वनाएको छ ।

अपिहिमाल गाउँपालिका

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम “अपिहिमाल गाउँपालिकाको जलवायू परिवर्तन अनुकूलन तथा वातावरण संरक्षण कोष (सञ्चालन) कार्यविधि, २०८१” रहको छ ।

(२) यो कार्यविधि गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) “सभा” भन्नाले गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्दछ।

(ख) “गाउँपालिका” भन्नाले अपिहिमाल गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ग) “कार्यपालिका” भन्नाले अपिहिमाल गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) “अध्यक्ष” भन्नाले गाउँपालिकाको गाउँ अध्यक्षलाई सम्झनु पर्दछ ।

(ङ) “उपाध्यक्ष” भन्नाले गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(च) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले अपिहिमाल गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(छ) “कार्यालय” भन्नाले अपिहिमाल गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ । सो शब्दले वडा कार्यालय तथा गाउँपालिकाको एकिकृत पर्यटन सूचना केन्द्र समेतलाई जनाउदछ ।

(ज) “अनुकूलन” भन्नाले जलवायू परिवर्तनको असर र सम्भाव्य जोखिमको आंकलन गरी परिवर्तित जलवायू सुहाउँदो अनुकूल गर्ने गरी रूपान्तरण गर्ने तथा थप हानी नोक्सानी रोकथाम वा न्यूनिकरण गर्ने कार्य सम्झनु पर्दछ ।

(झ) “जलवायू परिवर्तन” भन्नाले लामो समयको अन्तरालमा प्राकृतिक रूपमा हुने जलवायूको उतारचढावका अलावा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा मानवी क्रियाकलावले वायूमण्डलको बनोटमा हुने फेरवदलका कारण पृथ्वीको जलवायूमा क्रमश देखा पर्ने परिवर्तन सम्झनु पर्दछ ।

अपिहिमाल गाउँपालिका

(ञ) "विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन" भन्नाले अपिहिमाल गाउँपालिकाको विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ सम्झनु पर्दछ ।

(ट) "समिति" भन्नाले विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ को दफा ३ को उपदफा (२) बमोजिम गठन भएको अपिहिमाल गाउँपालिका विपद् व्यवस्थापन समिति सम्झनु पर्दछ ।

(ठ) "कोष" भन्नाले यस कार्यविधि बमोजिम स्थापना कोष सम्झनु पर्दछ ।

३. <u>उद्देश्य</u> : यस कार्यविधिका देहाय बमोजिमका उद्देश्य हुनेछनः-

(क) संकटासन्न र जोखिमपूर्ण अवस्थामा रहेका व्यक्ति, परिवार, समूह र समुदायको जलवायू परिवर्तन क्षमता अभिवृद्धि गर्ने,

(ख) जलवायू परिवर्तनका प्रतिकूल असर तथा प्रभावको जोखिम रहेका परिस्थितीकीय प्रणालीहरूको उत्थानशीलता विकास गर्ने,

(ग) न्यून कार्बन उत्सर्जन विकासको अवधारणा अवलम्बन गर्दै हरित अर्थतन्त्रको प्रवर्द्धन गर्ने,

(घ) जलवायू परिवर्तन न्यूनीकरण र अनुकूलनका लागि उपलब्ध वित्तीय स्रोहरूको न्यायोचित परिचालन गर्ने,

(ङ) जलवायू परिवर्तन न्यूनीकरण तथा अनुकूलन कार्यक्रमहरूमा लैंगिक तथा सामाजिक समाविशीकरणलाई मूलप्रवाहीकरण गर्ने,

(च) जलवायू परिवर्तनको नकारात्मक असरबाट जोखिमपूर्ण अवस्थामा पूगेका र पर्न सक्ने समुदायलाई तत्काल सहयोग पुऱ्याउने ।

(छ) जलवायू परिवर्तनको नकारात्मक असर पर्न सक्ने संभावित क्षेत्रका समुदायहरुलाई अनुकूलन हुने क्रियाकलाप संचालनको लागी योजना पेश गर्न लगाई कार्यान्वयनमा सहयोग गर्ने ।

(ज) जलवायु परिवर्तन एवं मानवीय सहयोगका क्षेत्रमा काम गर्ने सरकारी निकायहरु, गैरसरकारी संस्था, नीजी क्षेत्र र समूदायमा आधारित संस्था समूहहरुसंगको सहकार्य र

अपिहिमाल गाउँपालिका

समन्वयमा जलवायु परिवर्तन अनुकूलन र वातावरण संरक्षण कोषको स्थापना गरी दीगो रुपमा संचालन गर्ने ।

(झ) समुदायमा जलवायू परिवर्तन सम्वन्धी सचेतना अभिवृद्दिका लागि विभिन्न चेतनामूलक कार्यक्रमहरु संचालन गर्ने र संचालनका लागि सहयोग गर्ने ।

(ञ) जलवायू परिवर्तनका असर, प्रभाव र अवसरहरु सम्वन्धी अध्ययन एवं अनुसन्धानहरु गर्ने र सोको प्रचार प्रसार गर्ने ।

**परिच्छेद-२**

**कोषको स्थापना तथा संचालन**

४. **कोषको स्थापना** : (१) गाउँपालिका भित्र जलवायू परिवर्तनका असर, प्रभाव न्यूनीकारण गर्न जलवायू परिवर्तन न्यूनीकरण कोष स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायको रकम जम्मा गरिनेछ ।

(क) गाउँपालिकाबाट प्राप्त रकम,

(ख) नेपाल सरकारबाट प्राप्त अनुदानको रकम,

(ग) प्रदेश सरकारबाट प्राप्त अनुदानको रकम,

(घ) बन वातावरण क्षेत्रमा काम गर्ने संघ संस्थाहरूबाट प्राप्त अनुदानको रकम,

(ङ) गैर आवासीय नेपाली, अन्तर्राष्ट्रिय संघ, संस्था र दाताहरुबाट प्राप्त रकम,

(च) दान पेटीकामा जम्मा भएको रकम,

(छ) कोषको आफ्नै आम्दानीबाट प्राप्त रकम,

(ज) व्यवस्थापन तथा सेवा शुल्क वापत प्राप्त रकम,

(झ) स्वदेशी सरकारी तथा गैरसरकारी संघ संस्था, सामुदायिक संस्थाबाट प्राप्त रकम ।

(३) कोषको रकम गाउँ कार्यपालिकाको कार्यालयले तोकेको बैङ्क खातामा जम्मा गरिनेछ । कोषमा जम्मा भएको रकम यसै कार्यविधि बमोजिम खर्च गरिनेछ ।

(४) कोषको खाता प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

अपिहिमाल गाउँपालिका

५. **कोषको संचालन** : कोषको संचालन तथा व्यवस्थापन अपिहिमाल गाउँपालिका विपद व्यवस्थापन समितिबाट हुनेछ ।

६. **कोषको रकम खर्च गर्ने क्षेत्रहरु** : कोषको रकम देहाय बमोजिमका क्षेत्रमा खर्च गरिनेछ ।

(क) वातावरण संरक्षण र जलवायू परिवर्तन अनुकूलनका स—साना परियोजनाहरु सञ्चालन गर्न,

(ख) वातावण संरक्षण तथा जलवायु परिवर्तन अनुकूलन सम्बन्धी सचेतना अभिवृद्दि गर्ने कार्यहरु सञ्चालन गर्न,

(ग) जलवायू जन्य जोखिमको श्रेणी उच्च रहेका समूह तथा समूदायहरुमा अनुकूलनका क्षमता विकास गर्ने कार्यहरु सञ्चालन गर्न,

(घ) जलवायू परिवर्तन अनुकूलनका कार्यमूलक अनुसन्धान गर्न,

(ङ) कार्यपालिकाले आवश्यक ठानेका जलवायू परिवर्तन अनुकूलन सम्बन्धी अन्य कार्यक्रममा,

(च) नियमित बजेट तथा योजनामा समावेश भएका आयोजनाहरुलाई थप उत्थानशील वनाउन आवश्यक थप लगानी गर्न ।

(छ) जलवायू परिबर्तनबाट प्रत्यक्ष नकारात्मक असर परी जनधनको क्षति भएको अवस्थामा तत्कालै गर्न आवश्यक देखिएका कार्यहरुमा सहयोग गर्ने ।

७. **कोषको रकम प्रयोग गर्न नपाईने** : यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको प्रयोजनको लागि कोषको रकम प्रयोग गर्न पाईने छैन :-

(क) नियमित प्रशासनिक कार्यको लागि खर्च गर्न,

(ख) कुनै किसिमको गोष्ठी, अन्तरक्रिया, वा सेमिनारमा भाग लिन वा संचालन गर्न ।

तर जलवायू अनुकूलन तथा वातावरण संरक्षण कार्यमा खटिने तोकिएको जनशक्तिको सीप अभिवृद्धि सम्वन्धी तालिममा सहभागी हुन लाग्ने खर्चको लागि यस दफाले वाधा पार्ने छैन ।

अपिहिमाल गाउँपालिका

परिच्छेद-३

विविध

८. **कोषको रकम फ्रिज नहुने** : कोषमा रहेको रकम आर्थिक वर्षको अन्त्यमा फ्रिज नभई कोषमा नै रहनेछ ।

९. **अनुगमन तथा मूल्याकन** : यस कार्यविधि बमोजिम भएका कामकारवाहीहरूको गाउँपालिकास्तरीय अनुगमन समितिले अनुगमन गर्न सक्नेछ ।

१०. **वार्षिक प्रतिवेदन** : समितिको संयोजकले समितिका काम कारवाहीको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले बढीमा दुई महिनाभित्र कार्यपालिका समक्ष प्रस्तुत गर्नुपर्नेछ ।

११. **खरिद प्रक्रिया** : कोषबाट व्ययभार हुने गरी सञ्चालन गरिने कार्य, मर्मत सम्भार सम्बन्धी कार्य, जलवायू अनुकूलन सम्बन्धी कार्य, प्रवर्द्धन सम्बन्धी कार्यका लागि आवश्यक सामग्री तथा सेवा खरिद प्रचलित कानून बमोजिम हुनेछ ।

१२. **लेखापरीक्षण** : कोषको आन्तरिक लेखापरीक्षण आन्तरिक लेखा परीक्षकबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

१३. **संशोधन तथा बाधा अड्काउ फुकाउ** : (१) यस कार्यविधिलाई कार्यपालिकाले आवश्यकता अनुसार परिमार्जन, संशोधन र खारेज गर्न सक्नेछ ।

(२) यस कार्यविधिका उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

१४. **यस कार्यविधि बमोजिम हुने** : (१) प्रचलित कानूनमा जुन सुकै कुरा लेखिएको भए तापनि यस कार्यविधिमा लेखिएको कुरा यसै कार्यविधि बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भए तापनि यस कार्यविधिमा लेखिएको कुरा संविधान, संघीय कानून, प्रदेश कानून र गाउँपालिकाको अन्य ऐनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः बदर वा खारेजी हुनेछ ।

प्रमाणिकरण मितिः

आज्ञाले,
ईन्द्र बहादुर रावल
प्रमुख प्रशासकीय अधिकृत